हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८१ साल चैत्र २० गते बुधवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।१२।२०

**मिति २०८१/१२/२० गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्वन्धमा ।
२. आर्थिक सहयोग सम्वन्धमा ।
३. हरिपुर नगरपालिकाको महिला समूह संचालन कार्यविधि, २०८१ सम्वन्धी ।
४. खोप कार्यकर्ताको फिल्ड भत्ता सम्वन्धी कार्यविधि, २०८१ सम्वन्धी ।
५. साझेदारीमा वारुण यन्त्र खरिद गर्ने सम्वन्धमा ।
६. कोल्डस्टोर निर्माण गर्न डि.पि.आर. गराउने सम्वन्धमा ।
७. रकम भुक्तानी सम्वन्धमा ।
८. मर्मत सम्भार सम्वन्धमा ।
९. अन्तर्वार्ता कार्यक्रम संचालन गर्ने सम्वन्धमा ।
१०. हरिपुर नगरपालिकाको परामर्श सेवाको लागि नम्स र दररेट निर्धारण कार्यविधि, २०८१ सम्वन्धमा ।
११. हयुमपाइप कल्भर्ट निर्माण सम्वन्धमा ।
१२. भूमि समस्या समाधान आयोगको गाडी मर्मत सम्वन्धमा ।
१३ हात्तिसारमा रग्वी स्टेडियममा जग्गा सम्मयाउने सम्वन्धमा ।
१४. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८१।०८२ को तेह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको पत्र मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।१२।२०

| | निवेदनको नाम | | | माग गरेको | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बरकाती टोल सुधार समिति | ५ | हरिपुर मजुर्वा | हावा हुरी र पानीले भत्काइ क्षति भएको | २०८१।१२।१३ गतेको इलाका प्रहरी कार्यालयको सरजमिन मुचुल्का | २०८१।१२।११ गते च.नं. १०७३ | ६०००।०० |
| २ | राज कुमारी देवी माझी | ९ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।१२।१४ | २०८१।१२।१४ गते च.नं. ८८९ | ६०००।०० |
| ३ | प्रमिला देवी चौधरी | ७ | हरिपुर | विपन्न गरिव स्वास्थ्य उपचार | २०८१।१२।१४ | २०८१।१२।१७ गते च.नं. १०३१ | ६०००।०० |
| ४ | मंगल चौधरी मृतक (मिरा देवी) | ७ | हरिपुर | क्रिया खर्च | २०८१।१२।१२ | २०८१।१२।१२ गते च.नं. १००३ | ६०००।०० |
| ५ | बिजुली देवी कुमर | २ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।१२।१६ | २०८१।१२।२० गते च.नं. १४४० | १००००।०० |

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस हरिपुर नगरपालिकाको महिला समूह संचालन कार्यविधि, २०८१ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस हरिपुर नगरपालिकाको खोप कार्यक्रताको फिल्ड भत्ता सम्वन्धी कार्यविधि, २०८१ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस हरिपुर नगरपालिका, ईश्वरपुर नगरपालिका र लालबन्दी नगरपालिकाको त्रिपक्षीय साझेदारीमा १ थान वारुण यन्त्र खरिद गर्न मिति २०८१।०४।३२ गते यस नगरपालिका कार्यालयमा संयूक्त वैठकवसी संयूक्त लगानीमा वारुण यन्त्र खरिद गरी सो वारुण यन्त्रको ब्यवस्थापन गर्ने जिम्मेवारी लालबन्दीलाई दिने निर्णय भएको र लालबन्दी नगरपालिकाको प.सं. २०८१।०८२, च.नं. ५७३, मिति २०८१।०७।०२ गतेको वारुण यन्त्र खरिदको लागि रकम सुनिश्चतता सम्वन्धको प्राप्त पत्रानुसार उक्त वारुण यन्त्र खरिद गर्न यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत खर्चको पेज नं. ४९ को सि.नं. १० मा साझेदारीमा वारुण यन्त्र खरिद कार्य खर्च शिर्षक नं. ३११२२ मा रकम रु. २५,००,०००।०० विनियोजन भएको

*मिति २०८१।१२।२०*

रकमबाट सो वारुण यन्त्र साझेदारीमा खरिद गर्न लालबन्दी नगरपालिकालाई रकम हस्तान्तरण गर्ने र आवश्यक प्रक्रिया वडाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस हरिपुर नगरपालिका क्षेत्र भित्रका कृषकहरुले विभिन्न खाध्यान्न वाली सहित वढी मात्रामा तरकारी, फलफुलको खेतीहरु गरिरहेकोले उक्त फलफुल तथा तरकारीहरु यस नगरपालिका क्षेत्र भित्र कोल्डस्टोर नभएको कारणले स्टोरेज गर्न नसकेको हुँदा धेरै फलफुल तथा तरकारीहरु कुहियर तथा खेर गएर गईरहेको हुँदा यस नगरपालिका क्षेत्रको उपयुक्त स्थान छनौट कोल्डस्टोर निर्माण गर्न यस नगरपालिकाको १४ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत परामर्शमा रकम रु. ३,०००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रू १५,००,०००।०० उपयुक्त जग्गा पहिचान उक्त कोल्डस्टोर निर्माण गर्न डि.पि.आर. गराई कोल्डस्टोर निर्माण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस हरिपुर नगरपालिका आ.व. २०८१।०८२ को १३ औं नगरसभाबाट नगर स्तरीय तथा वडा स्तरीय हरिपुर माघी उत्सवको लागि नगरस्तरबाट रु. ५०००००।०० र वडास्तरबाट रकम रु. १०००००।०० गरी जम्मा ६०००००।०० विनियोजित रकमबाट यस कार्यालयबाट सम्झौता र कार्यदिश भई लागत अनुमान र उपभोक्ताले पेश गरेको प्रस्तावनाको आधारमा माघी महोत्सव कार्यक्रम सम्पन्न भई तथा वडास्तरवाट वडा नं. ३ को सि. नं. १० छठ पर्वको लागि रु. १०००००।०० विनियोजित रकमबाट मिति २०८१।०७।२० गते नगरपालिका र छठ पुजा समिति बीच सम्झौता र कार्यदिश भई यस कार्यालयमा मिति २०८१।१२।०६ गते भुक्तानीको लागि सिफारिस पेश हुन आएकोले विल भर्पाईको आधारमा हरिपुर माघी महोत्सव र छठ पुजा समितिलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत ईन्द्रपुर जनता प्रा.वि. को कक्षा कोठामा वाइरिंग सम्वन्धी र अन्य कार्य गर्नको लागि वडा कार्यालयको सिफारिस र ईन्द्रपुर जनता प्रा.वि. को पत्रको आधारमा लागत अनुमान तयार गरी कार्य सम्पन्नको अधारमा यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत खर्चको पेज नं. ५२ को सि.नं. ७० मा मर्मत सम्भार कोषको खर्च शिर्षक नं. ३११७१ मा रकम रु. २५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रु. १५,०००।०० विनियोजन गरी उक्त कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयले विज्ञापन नं. १०-२०७९।०८० नगर प्रहरी जवान पदको यस कार्यालयबाट मिति २०७९।१२।०५ गते अन्तर्वार्ता कार्यक्रम विशेष कारणवश अर्को सूचना प्रकाशित नभए सम्मको लागि स्थगित गरिएको सूचना प्रकाशन गरेको र उक्त नगर प्रहरी जवानको अन्तर्वार्ता कार्यक्रम पुनः संचालन गरी अन्तर्वार्ता कार्यक्रमको मिति प्रकाशन गर्ने निर्णय गरियो ।

मिति २०८१।१२।२०

प्रस्ताव नं. १० मा छलफल गर्दा यस हरिपुर नगरपालिकाको परामर्श सेवाको लागि नर्म्स र दररेट निर्धारण कार्यविधि, २०८१ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत ३ नं. वडा कार्यालयको प.सं. २०८१।०८२, च.नं. ८७५, मिति २०८१।१२।१३ गतेको कल्भर्ट निर्माणको लागि सिफारिस पत्रानुसार प्रधानमन्त्री युवा रोजगार कार्यक्रम द्धारा राजमार्ग देखि पश्चिम नहर सम्म नयाँ कृषि सडक निर्माण कार्य भएको र सुशिल कुमार सिंहको खेत निर पानीको वहाव बढी भएकोले गतवर्षको वर्षा याममा खेत कटान भएकोले उक्त स्थानमा लागत अनुमान अनुसार हयुमपाइप कलभर्ट निर्माण गर्न यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत खर्चको पेज नं. ५२ को सि.नं. ७० मा मर्मत सम्भार कोषको खर्च शिर्षक नं. ३११७१ मा रकम रु. २५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रु. ६६,०००।०० विनियोजन गरी उक्त हयुमपाइप कलभर्ट निर्माण कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयमा भूमि समस्या समाधान आयोगको प.सं. २०८१।०८२, च.नं. ३०, मिति २०८१।१२।०७ गतेको गाडी मर्मत सम्वन्धको प्राप्त पत्रानुसार तहाँ आयोगलाई स्थानीय तहहरु काम काजको सिलसिलामा अनुगमन तथा निरिक्षण गर्नुपर्ने र चार पांग्रे सवारी साधन मर्मत सम्भार गर्नुपर्ने भएको हुँदा उक्त आयोगले दरभाउ पत्र समेत पेश गरेको हुनाले उक्त गाडी मर्मत गर्न यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको चालुगत खर्चको पेज नं. ४८ को सि.नं. १२७ मा अन्य संस्था सहायताको खर्च शिर्षक नं. २५३१५ मा रकम रु. ५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रु. २५,०००।०० विनियोजन गरी गाडी मर्मत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा हात्तिसारमा रग्वी स्टेडियममा जग्गा सम्मयाउने कार्यको लागि प्राविधिक लागत अनुमान बमोजिम कार्य गर्न यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत खर्चको पेज नं. ५२ को सि.नं. ७० मा मर्मत सम्भार कोषको खर्च शिर्षक नं. ३११७१ मा रकम रु. २५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट उक्त कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४मा छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं ७ को प सं २०८१।०८२ च नं १०४१ मिति २०८१।१२।२० गतेको पत्रानुसार वडा नं ७ ब्रहमाकुमारी राजयोग उपसेवा केन्द्रमा खानेपानी विग्रिएको हुनाले मोटर चोरी भएकोले यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको चालुगत खर्चको पेज नं. ४८ को सि.नं. १२७ मा अन्य संस्था सहायताको खर्च शिर्षक नं. २५३१५ मा रकम रु. ५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट प्राविधिक लागत अनुमान अनुसारको रकमबाट उक्त कार्य गर्ने निर्णय गरियो ।

मिति २०८१।१२।२०

प्रस्ताव नं. १५:मा छलफल गर्दा यस हरिपुर नगरपालिकाको प्रशासनीक भवन निर्माण गर्न डिपिआर गर्नु पर्ने भएको हुँदा यस नगरपालिकाको १४ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत परामर्शमा रकम रु. ३,०००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रू ५,००,०००।०० उपयुक्त नगरपालिकाको प्रशासनीक भवन निर्माण गर्न डि.पि.आर. गराउने निर्णय गरियो ।

हरिपुर नगरपालिका सर्लाही